# सोलुदुधकुण्ड नगरपालिका

ཤྲཱ། །སོ་ལུ་དུད་འབྲུམ་ཀུནྡ་གྲོང་སྡེ་ཁུལ།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल


प.सं. २०७५/७६
च.नं. ११

## मौजुदा सूचि दर्ता गराउने बारेको सूचना

प्रकाशित मिति २०७५।०४।०४ गते

---

यस नगरपालिकाको लागि आ.व. ०७५।७६ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संशोधन सहित) मा भएको कानुनी व्यवस्था बमोजिम तपशिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. ०७३।७४ को व्यवसाय नविकरण भएको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र सहित स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूचि २(क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. ०७४।७५ मा यस नगरपालिकामा सूचि दर्ता गरेका तथा आ.व. २०७५।०७६ मा समेत अद्यावधिक गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७३।०७४ को कर चुक्ता र व्यवसाय नविकरणको प्रमाणपत्रको फोटोकपी संलग्न गरी नियमानुसार निवेदन दिनुहुन एवं विस्तृत जानकारीका लागि यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

रमिला भण्डारी
लेखा अधिकृत

**सम्पादन गर्नुपर्ने कामको विवरण:**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति,
२. फर्निचर तथा फर्निसिङ सामान आपूर्ति तथा मर्मत सम्बन्धि कार्य,
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन आदि) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. सवारी साधन (कार, जिप, भ्यान, मोटर साइकल आदि) का पार्ट पूर्जा आपूर्ति तथा मर्मत सम्बन्धि कार्य,
५. विज्ञापन प्रकाशन तथा प्रशारण सम्बन्धी सेवा,
६. भवन मर्मत सम्भार तथा निर्माण सम्बन्धी सेवा,
७. कुरियर सेवा,
८. प्रशासनिक विषयहरू सँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा विभिन्न विषय सँग सम्बन्धित सफटवेयर निर्माण/मर्मत तथा आपूर्ति र सूचना प्रविधि सम्बन्धि विभिन्न परामर्श सेवा,
९. फुलका विरुवा सप्लाई लगायत बगैंचा व्यवस्थापन सम्बन्धी कार्य।
१०. पशु सेवा उपचारका लागि चाहिने औषधिहरु
११. स्वास्थ्य संस्था र अस्पतालमा निशुल्क वितरणका लागि तोकिएका ७० प्रकारका औषधिहरु
१२. स्वास्थ्य संस्था र अस्पतालका लागि आवश्यक सर्जिकल तथा अन्य सामग्रीहरु
१३. निशुल्क वितरण बाहेकका आवश्यक औषधिहरु


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com


"निजामती कर्मचारीको प्रतिवद्धता : पारदर्शिता र चुस्तता"